नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
पौष/माघ २०६७ (January 2011) वर्ष १५/अङ्क १६६

## पर्नेछ आशिषको झरी

- पाष्टर रोबर्ट कार्थक

परमप्रभुको अनुग्रहले २०१० साल हाम्रो निम्ति अत्यन्तै आशिषमयी पुनर्स्थापनको वर्ष बन्न गयो। सालको सुरूमै उहाँले हामीलाई सलहले खाएका वर्षहरू फिर्ता दिनेछु भनी प्रतिज्ञा दिनुभएको थियो। यसर्थ हामीले मण्डलीमा नयाँ जोश र उत्साहसाथ, नयाँ उमङ्ग लिएर उहाँको सेवा गर्ने निश्चय गर्‍यौं। पवित्र आत्माको नियन्त्रणमा हामीले नयाँ-नयाँ कदम चाल्न सक्यौं, नयाँ-नयाँ ठाउँ अधिकार गर्न सक्यौं। आफ्नै लापरवाही र बेवास्ताको कारण गुमाएका धेरै आशिषहरू फेरि प्राप्त गर्न सक्यौं। यो वर्ष हाम्रो निम्ति पुनर्प्राप्तिको वर्ष पनि भयो।

धेरै ठाउँहरूमा सुसमाचार पुर्‍याउने काम भयो, नयाँ-नयाँ संगतिहरू सुरू गरिए, मण्डलीको क्षेत्र बढेर गयो। यो वर्ष हामीले नेइममा शाखा र आवद्ध मण्डली जम्मै गरी ७३३ जति विश्वासीहरूलाई पानीको बप्तिस्मा दिएर मण्डलीमा भित्र्याउन सक्यौं। एकै वर्षमा यति ठूलो संख्यामा विश्वासीहरूलाई मण्डलीभित्र ल्याउने काम अघि कहिल्यै हुन सकेको थिएन।

यो प्रभुको काम हो, प्रार्थनाको उत्तर हो, प्रभुको अनुग्रह हो, हाम्रो कमजोर परिश्रमको फल हो। सबै कुराको श्रेय हामी प्रभुलाई नै दिन्छौं। उहाँले नै आफ्नो आत्माद्वारा यी सब गर्नुभएको हो। हामीचाहिँ उहाँका हातका औजारहरू मात्र हौं। काम गर्ने त उहाँ नै हुनुहुन्छ। सबै कुराको महिमा उहाँलाई नै होस्।

यो वर्ष हाम्रो मिशनको वर्ष, मिशनको काममा हामीले धेरै आशिष बटुल्न सक्यौं। कति चोटि हामीले यो कुरो घरिघरि दोहोर्‍याइ सकेका छौं र अझै पनि दोहोर्‍याउँछौं, "यो मिशन-वर्षको सुरू मात्र हो, मिशन-वर्ष यहीं टुंगिंदैन, यो वर्ष सधैं नै रहिरहन्छ। मिशनको सेवकाई चलिरहनुपर्छ र चलिनै रहन्छ। यसलाई हामीले नै निरन्तरता दिइराख्नु-पर्छ। कसैले भनेझैं, 'ख्रीष्टले मात्र संसार बचाउन सक्नुहुन्छ कारण उहाँ संसारका एक मात्र मुक्तिदाता हुनुहुन्छ (प्रेरित ४:१२)। तर ख्रीष्टले मात्र एक्लै संसार बचाउन सक्नुहुन्न कारण पापी मानिसहरूसम्म सुसमाचार पुर्‍याउनको निम्ति उहाँलाई मानिसहरूको आवश्यकता छ। स्वर्गदूतहरूले सुसमाचार-वाहकको काम गर्न सक्तैनन् कारण उनीहरूलाई मुक्तिको अनुभव नै छैन। अनुग्रहद्वारा बचाइएकाहरूले मात्र यो काम गर्न सक्छन्। ती व्यक्ति हामी नै हौं। क्रूसमा येशू प्रभुले आफ्नो प्राण बलिदान दिएर मुक्तिको काम त पूरा गरिसक्नुभयो। अब यो खुश-खबर पापी मानिसहरूसम्म पुर्‍याउने कामको जिम्मेवारी हामीलाई दिइएको छ। यसैले हामी कुनै हालतमा पनि सुस्ताउनु हुँदैन। अझै धेरै ठाउँहरूमा सुसमाचार पुर्‍याउन बाँकी नै छ। मण्डली- विस्तारको काम अझ जारी राख्नुपर्छ।

कनजको छोरो ओत्निएलले किर्यतसेपेर जितेपछि कालेबले आफ्नी छोरी अक्शालाई उनीसित विवाह गरिदिए (यहोशू १५:१६-१७)। पद १९ मा अक्शा भन्छिन्, "मलाई दाइजो दिनुहोस्, किनकि तपाईंले मलाई दक्षिणतिरको जग्गा त दिनुभयो मलाई अब पानीका मुहानहरू पनि दिनुहोस्। तब उनले तिनलाई माथिल्लो र तल्लो दुवै मुहानहरू दाइजो दिए।" अक्शाले भन्न चाहेको कुराचाहिँ – अधिकारमा आएर आवादी गर्नलाई जमीन मात्र भएर पुग्दैन, जमीन भिजाउनलाई पानी पनि चाहिन्छ। जमीन मात्र भएर केही विशेष फाइदा हुँदैन। पानीविना जमीन रूखो नै रहन्छ, बाँझो नै रहन्छ, ओबानो नै रहन्छ। त्यस अवस्थामा जमीनले अन्न, साग-पात केही उमार्न सक्दैन। अक्शा भन्छिन्, "दक्षिणतिरको जग्गा त दिनुभयो अब पानीको मुहानहरू पनि दिनुहोस्।" कालेबले पनि तिनलाई माथिल्लो मुहानहरू मात्र दिएनन् तर तल्लो मुहानहरू पनि दिए। हुनसक्छ, अक्शाले त खालि एकैतिरका मुहानहरू मात्र मागेकी थिई तर कालेबले तिनले आशा नै नगरेको, अपेक्षा नै नगरेको दुवैतिरका मुहानहरू माथिल्लो र तल्लो दुवै मुहानहरू दिए।

हाम्रा परमेश्वर पिता उदारचित्तसँग नझर्कीकन प्रशस्त प्रशस्तसँग दिने परमेश्वर हुनुहुन्छ। खालि काम चलाउको लागि पुग्दो आशिष मात्र दिने उहाँ हुनुहुन्न। उहाँ जब दिनुहुन्छ, नापविना नै मुट्ठी खोलेर, भरेर पनि पोखिने गरी दिनुहुन्छ (लूका ६:३८)। कालेबले अक्शालाई मागेको भन्दा बढी पानीको् माथिल्लो र तल्लो दुवै मुहानहरू दिएझैं परमेश्वर पिताले पनि हामीलाई ख्रीष्ट येशूमा प्रशस्त प्रशस्त प्रशस्त दिनुहुन्छ।

हामीले मागेको वा सम्झेकोभन्दा पनि ज्यादै प्रशस्तसँग दिनुहुने परमेश्वर उहाँ हुनुहुन्छ (एफिसी ३:२०)। १ राजा ३:४-१४ अनुसार राजा सुलेमानले परमेश्वरलाई आफ्नो निम्ति दीर्घायु अथवा धन-सम्पत्ति वा आफ्ना शत्रुहरूको प्राण नमागेर ठीकसित न्याय गर्नलाई बुद्धि मागेकोले परमेश्वरले उनको बिन्ती मन्जूर गरेर उनलाई बुद्धि र समझको मन दिनुभयो।

त्यस बाहेक उसले नमागेको धन-सम्पत्ति, मान र दीर्घायु पनि उनलाई थपेर दिनुभयो। हाम्रो परमेश्वर पिताले हामीलाई त्यसरी नै हामीले मागेको वा सम्झेको भन्दा पनि ज्यादै प्रशस्तसँग दिनुहुन्छ।

कति पल्ट हामी अब्राहामले झैं भन्ने गर्छौं, 'भइगयो, परमेश्वर पिता, मलाई इश्माएल भए पुग्छ, इसहाकको लागि दुःख नगर्नु भएपनि हुन्छ।' तर परमेश्वर भन्नुहुन्छ, "तिमीलाई म इसहाक नै दिन चाहन्छु, इश्माएल त एउटा विकल्प मात्र हो। तिमीले मबाट पाउनुपर्ने खास आशिषचाहिँ इसहाक नै हो। तिमीले इसहाक नै पाउनेछौ।"

हाम्रा कति भाइ बहिनीहरू नयाँ जन्मको अनुभवमै सन्तुष्ट भएर जिइरहेका छन्। तिनीहरू भन्छन्, 'ख्रीष्टमा विश्वास गरेर हामीले नयाँ जन्म पायौं, नयाँ जीवन पायौं। मरेपछि हाम्रो आत्मा स्वर्गमा जान्छ, हामीलाई त्यति भए पुग्छ। प्रभु भन्नुहुन्छ, "म तिमीहरूलाई जीवन मात्र दिनलाई आएको होइन, तिमीहरूलाई प्रशस्तको जीवन पनि दिन आएको हुँ। जीवन पाएर स्वर्ग जान मात्र होइन, प्रशस्तको जीवन पाएर यस संसारमा विजयीभन्दा पनि बढी भएर जिउनलाई मैले तिमीहरूलाई छानेको हुँ, नियुक्त गरेको हुँ।" हामीमा पवित्र आत्मा हुनुहुन्छ भनेर मात्र ढुक्क भएर बस्ने होइन तर पवित्र आत्माको भरपूरीको लागि नै हामीमा अझै बढी भोक जागेर आओस् –यही हाम्रो प्रार्थना हुनुपर्छ।

व्यवस्था ११:१०-१२ अनुसार मिश्रमा मानिसहरू सागबारीमा खुट्टाले पानी हाल्थेक भने यर्दनपारिको प्रतिज्ञाको मुलुकमा आकाशको पानीले जमीन भिजाउँछ। त्यहाँ पानी हाल्नलाई परिश्रम गरिरहनु पर्दैन। हामी त्यही देशमा आइ सकेका छौं। १२ पदले भन्दछ, "त्यस देशको देखरेख परमप्रभु परमेश्वरले नै गर्नुहुन्छ। सालको सुरूदेखि अन्तसम्मै उहाँको नजर त्यसमाथि रहन्छ। २०११ सालका सुरूका दिनहरूमै हामीले व्यवस्था ११:१२ को प्रतिज्ञा याद गर्न असल हुन्छ। यस प्रतिज्ञाले हामीलाई आउँदा समस्याहरूको सामना गर्नको निम्ति पनि साहस दिन्छ।

योएल २:२३-२४ मा यो प्रतिज्ञा दिइएको छ ... "किनभने उहाँले अघिल्लो झरी जति चाहिन्छ उति दिनुहुनेछ र तिमीहरूका निम्ति वर्षा ल्याइदिनुहुनेछ- अघिल्लो झरी र पछिल्लो झरी पहिलेको झैं वर्षाइ दिनुहुनेछ।

तब खलाहरू अन्नले भरिनेछ, रस-कुण्ड दाखमद्य र तेलले भरेर पोखिनेछ।" यसर्थ 'पछिल्लो झरीको समयमा प्रभुसँग वर्षा माग' (जकरिया १०:१)।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
|---|---|---|---|---|---|---|
| **पौष २४ गते जनवरी ८ ता.** | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री डा. स्टिभ नोबेल | पाष्टर दफ्तन सादा | पाष्टर रोल्याण्ड रोंगोंग |
| **माघ १ गते जनवरी १५ ता.** | पाष्टर अशोक मुखिया | डीकन मान बहादुर मगर | श्री पदम बहादुर राई | श्री दानिएल घले | डीकन रूबेन श्रेष्ठ | श्री नवराज के.सी. |
| **माघ ८ गते जनवरी २२ ता.** | पाष्टर महेश थाँजु | श्री सरोज मान तामाङ्ग | एल्डर दिनेश न्यौपाने | पाष्टर बी.बी. खवास डीकनेस् श्यारोन रोंगोंग | एल्डर श्री लक्ष्मी सैंजु | श्री गंगा राम न्यासूर |
| **माघ १५ गते जनवरी २९ ता.** | एल्डर सामुएल क्षेत्री | एल्डर पूर्ण सुनुवार | पाष्टर अशोक मुखिया | एल्डर सिमोन खालिङ | श्रीमती गंगा श्रेष्ठ | श्री परशु अधिकारी |
| **माघ २२ गते फरवरी ५ ता** | पाष्टर सामुएल कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | श्री प्रेम बहादुर ठकुरी | संयुक्त सेवा ललितपुर चर्च |

## शुभ-कामना र बधाई

**आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थक यही पौष २६ गते/जनवरी १० ता. सोमबार ८५ वर्ष पूरा गरी ८६ औं वर्षमा प्रवेश गर्नुभएकोमा नेइम परिवारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं  साथै उहाँको जीवनको आशिषमय सेवकाईको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं । आगामी दिन र वर्षमा पनि उहाँको सेवकाई र जीवनको सबै यात्राहरूमा पवित्र आत्माको अगुवाई, भरपुरी र परमेश्वरबाटको अझ प्रशस्त आशिषको निम्ति प्रार्थना गर्दछौं ।**

## जानकारी

१. मंसीर ४ गते/नोभेम्बर २० ता. शनिबार नेइम पनौती मण्डलीको १ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

२. मंसीर १८ गते/डिसेम्बर ४ ता. शनिबार ललितपुर मण्डलीमा १५ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

३. मंसीर २३ गते/डिसेम्बर ९ ता. बिहीबार गोंगबूँ मण्डली, लिखु र रानीपौवाका २२ जना, मंसीर २४ गते/डिसेम्बर १० ता. शुक्रबार साउगाउँ, रातोमाटे र रसुवाका १५ जना, पुस ३ गते/डिसेम्बर १८ ता शनिबार लम्जुङ, सानो काभ्रेका ११ जना र पुस ४ गते/डिसेम्बर १९ ता आइतबार लम्जुङ पेर्जो भञ्ज्याङका २ जना गरी जम्मा ५० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. मंसीर २४/डिसेम्बर १० ता. शुक्रबार जोरपाटी मण्डलीको १० जना, गाम्छा मण्डलीको ७ जना, जहरसिंह पौवाको ३ जना र सुन्दरीजल मण्डलीको ७ जना गरी जम्मा २७ जनाल पानीका बप्तिस्मा लिनुभयो ।

५. मंसीर २८ गते/डिसेम्बर १४ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीको ३० जना, काटाकुटीको २ जना र नुवकोटको १ जना गरी ३३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## प्रार्थनाको निम्ति अनुरोध

**पौष २७ गते/जनवरी ११ ता. मंगलबार आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक तीन हप्ताको लागि बेलायतमा भएका नेपाली संगतिहरूमा वचनको सेवकाई तथा संगतिको लागि जाँदै हुनुहुन्छ । उहाँ माघ २१ गते/फरवरी ४ ता. शुक्रबार काठमाडौं फर्कनुहुनेछ । उहाँको यात्रा र सेवकाईको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।**

## जानकारी

पौष १० गते/डिसेम्बर २५ ता. शुक्रबार नेपाली इसाई मण्डलीको संयुक्त ख्रीष्टमस सेवा सानो गौचरनमा हर्षोल्लसका साथ सम्पन्न भयो । उक्त ख्रीष्टमस सेवामा ६००० भन्द बढीको संख्यामा विश्वासी तथा अन्य मित्रहरूको सहभागिता थियो । उक्त सेवामा स्तुति प्रशंसा गरिनुको साथै वचनको सेवकाई आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थकले गर्नुभएको थियो । वचनको सेवकाईपछि चार मण्डलीका बाल संगतिका बाल बालिकाहरूद्वारा नृत्य प्रस्तुत गरिएको थियो र अन्तमा ख्रीष्टमस २०६७ को शुभकामना लेखिएको ब्यानर बेलुनमा झुण्डयाएर उडाइएको थियो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर, मीनभवन<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|
| **पौष २४ गते जनवरी ८ ता.** | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर गोपी राई | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर बर्णबास श्रेष्ठ | श्री तीतस सापकोटा |
| **माघ १ गते जनवरी १५ ता.** | पाष्टर एस. सोदेम्बा | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | पाष्टर एल.पी. न्यौपाने | एल्डर के.बी. तामाङ्ग |
| **माघ ८ गते जनवरी २२ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | श्री दिल बहादुर मोक्तान | पाष्टर एस. सोदेम्बा | श्री लाक्पा लामा | डीकन बी.एन. पण्डित | डीकन पूर्ण माया पाखीन |
| **माघ १५ गते जनवरी २९ ता** | पाष्टर प्रेम श्रेष्ठ | श्री अमृत लामा | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर दानिएल सापकोटा | डीकन राजु श्रेष्ठ | श्री कुमार सेन्चुरी |
| **माघ २२ गते फरवरी ५ ता** | पाष्टर एस. सोदेम्बा | एल्डर जमान घ्लान | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पासाङ्ग डेविड शेर्पा | डीकन छोदेन कार्थक | डीकन जिल्बर्ट मिशो |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई

मंसीर २० गते/डिसेम्बर ६ ता. सोमबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती सुमन/तारा (भदेल) श्रेष्ठ** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पौष ५ गते/डिसेम्बर २० ता. सोमबार नेपाली इसाई मण्डली जोरपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती शंकर/माया तामाङ्ग** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पौष १४ गते/डिसेम्बर २९ ता. सोमबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती जीवन/सुनिता तामाङ्ग** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।






मंसीर २३ गते/डिसेम्बर ९ ता. बिहीबार क्वाइनोनिया पाटन मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती नरेन्द्र र नम्रता शाही** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पौष १२ गते/डिसेम्बर २७ ता. सोमबार नेपाली इसाई मण्डली जोरपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती दिप र सञ्जु बान्तवा राई** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

दाङ बस्नुहुने ज्ञानेश्वर मण्डलीको सदस्य श्री रमेश पाण्डे ३० वर्षको उमेरमा मंसीर २० गते/डिसेम्बर ६ ता. सोमबार प्रभुमा सुत्नुभयो ।



कमलाक्षी बस्नुहुने ज्ञानेश्वर मण्डलीकी सदस्या श्रीमती विष्णु देवी नकर्मी ८६ वर्षको उमेरमा पुस ८ गते/डिसेम्बर २३ ता. बिहीबार प्रभुमा सुत्नुभयो ।



कलंकी बस्नुहुने ललितपुर मण्डलीको सदस्य श्री मखन देवी के. सी. ७३ वर्षको उमेरमा पुस १२ गते/डिसेम्बर २७ ता. सोमबार प्रभुमा सुत्नुभयो ।

## प्रार्थनाका विषयहरू

१. वृहत शहरी अभियानको कार्यालयमा काम गरिरहनुभएका सेवकहरूलाई परमेश्वरबाटको ज्ञान, बुद्धि पवित्र आत्माको अगुवाई मागिदिऔं ।

२. काठमाडौं उपत्यकाका सबै मण्डलीहरू एकैमनका भएर यस अभियानको लागि निरन्तर प्रार्थना गरिरहन सकौं ।

३. यो सेवाकाईमा लागि पर्नु भएका सबै सेवक सेविकाहरूको लागि पवित्र आत्माको अगुवाई, भरपुरि, ज्ञान, बुद्धि, सुरक्षा, सहास, बल मागिदिऔ ।

४. यो अभियानद्वारा टि.भी., रेडियोबाट प्रसारण गरिएको साक्षीहरूले धेरैको जीवनमा आशिष पुग्न सकून् । काठमाडौं उपत्यकाका मानिसहरू साथै सुसमाचार पुग्न नसकेका ठाउँमा भएका मानिसहरूले पनि प्रभुको शक्तिबारेमा जान्न सकून् र उहाँलाई आफ्नो मुक्तिदाता र प्रभु भनेर ग्रहण गर्न सकून् ।

५. २०११ सालभरि मण्डलीलाई अगुवाई गर्न नेइमका गुरुजनहरू, विभिन्न विभागहरू तथा स्थानीय व्यवस्थापन समितिकाहरू साथै पुरूष, महिला, युवा, बाल संगति, घरेलु संगति, मिशनको क्षेत्रहरूमा अझै आशिषित हुन सकून् भनी प्रार्थना गरौं ।

६. देशभरि रहेका ठूला साना सबै मण्डलीहरू पवित्र आत्माको अगुवाई र आशिषमा वृद्धि हुँदै, फैलँदै जान सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | **१८** 2<br>यस वर्ष पनि परमेश्वरको योजना अनुसार मण्डलीलाई आज्ञाकारी भई प्रभुको जिउन सकून्।<br>*यहोशू १:८* | **२५** 9<br>मण्डली खीष्ट प्रभुमा आशिषित भई आशिष पुऱ्याउनेहरू हुन सकून्।<br>*२ कोरिन्थी ८:८-११* | **२** 16<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिउन र प्रभुलाई महिमा दिन सकून्।<br>*एफिसी ५:१-२* | **९** 23<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकून् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून्।<br>*१ तिमोथी २:१-८* | **१६** 30<br>विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून्।<br>*२ कोरिन्थी ५:१४-२१* |
| **सोमबार Monday** | **१९** 3<br>बिहानको प्रार्थना सभा साथै मण्डलीका अन्य प्रार्थना सभाहरूमा धेरैको सहभागीताको लागि प्रार्थना गरौं।<br>*रोमी ८:२६-२७* | **२६** 10<br>मण्डलीका प्रत्येक परिवारले परमेश्वर लाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र परिवारमा पारिवारिक वेदी ननिभेको होस्।<br>*प्रेरित १०:१-२* | **३** 17<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन्।<br>*प्रकाश ३:१५-१६* | **१०** 24<br>परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुराहरू मण्डलीले विश्वाससाथ आफ्नो बनाउन सकून्।<br>*हिब्रू ११:१,६* | **१७** 31<br>मण्डली परिवारहरू सधैं एकअर्कालाई वास्ता गर्ने, प्रेम गर्ने र मेलमिलापमा सधैं रहिरहनेहरू हुन सकून्।<br>*कलस्सी ३:१२-१७* |
| **मंगलबार Tuesday** | **२०** 4<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं।<br>*१ तिमोथी १:१२* | **२७** 11<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकौं।<br>*लेवी २६:१२-१३* | **४** 18<br>सबै विश्वासीहरू निरन्तर सेवा संगतिमा रहेको कारणले गर्दा सबै अवस्थामा परमेश्वरको इच्छा पूरा गर्दै जानेहरू हुन सकौं।<br>*भजनसंग्रह ८२:१२-१४* | **११** 25<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून्।<br>*भजनसंग्रह १४५:१७-२०* | **१८** February 1<br>प्रभु येशूमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागौं।<br>*हबकूक ३:१७-१८* |
| **बुधबार Wednesday** | **२१** 5<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा गर्दै जान सकून।<br>*१ पत्रुस ५:२-४* | **२८** 12<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून्।<br>*तीतस ३:१-८* | **५** 19<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून्।<br>*कलस्सी १:२८* | **१२** 26<br>मण्डलीका सबै विश्वासीहरूले आफ्नो धन सम्पत्तिद्वारा पनि परमेश्वरलाई सधैं आदर, इज्जत दिइरहन सकून्।<br>*हितोपदेश ३:९-१०* | **१९** 2<br>मण्डलीका प्रत्येक सदस्यहरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण हुन सकोस्।<br>*रोमी १४:१९* |
| **बिहीबार Thursday** | **२२** 6<br>मण्डलीका सबै जवानहरूको विवाह, शिक्षा, काम-व्यवसाय, पढाइ र आत्मिकी जीवनको सबै क्षेत्रमा आशिष मागिदिऔं।<br>*हितोपदेश ३:१-६* | **२९** 13<br>हरेक अभिभावकहरू आफै पनि प्रभुमा रही आफ्ना छोराछोरीहरूलाई पनि प्रभुबाटको शिक्षा र अनुशासन हुर्काउनेहरू हुन सकून्।<br>*व्यवस्था ६:४-१२* | **६** 20<br>प्रत्येक बाल बालिकाहरू आफ्ना आमा-बाबुको आदर गर्ने र आज्ञाकारी हुन सकून्।<br>*एफिसी ६:१-२* | **१३** 27<br>मण्डलीका सबै बा, दाजु, भाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून्।<br>*हितोपदेश १४:२५-२७* | **२०** 3<br>खीष्टको नाउँको खातिर दुःख, कष्ट भोगिरहेकाहरूको निम्ति बल, साहस साथै स्थिर रहनको लागि परमेश्वरको अनुग्रह मागिदिऔं।<br>*फिलिप्पी १:२७-२८* |
| **शुक्रबार Friday** | **२३** 7<br>वचनको सेवकाई, स्तुति प्रशंसामा अगुवाई, सेवा सञ्चालक, अनुगमन कक्षा लिनुहुने र सुसमाचार सुनाउनेहरूको लागि प्रार्थना गरिदिऔं।<br>*२ कोरिन्थी २:१४-१७* | **३०** 14<br>प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले खीष्ट प्रभुको सुसमाचार सुनेर खीष्ट येशूलाई प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून्।<br>*यूहन्ना १:१२* | **७** 21<br>आराधना सेवामा आउनेहरू तयारीसाथ परमेश्वरको प्रशंसा गर्न, वचन सुन्न र एकअर्कासँग संगति गर्नको लागि आउन सकून्।<br>*यशैया ४३:७-१२* | **१४** 28<br>भोलि प्रचारिने वचनद्वारा हरेकको जीवनमा आत्माको एउटा नयाँ काम भएको होस्।<br>*हिब्रू ४:१२* | **२१** 4<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिक रुपमा बढ्दै जाने सेवा संगति हुन सकून्।<br>*मत्ती ६:१-४* |
| **शनिबार Saturday** | **२४** 8<br>सरसकारी संघ-संस्थाहरूमा सेवकाई गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून्।<br>*हितोपदेश ११:१* | **१ माघ** 15<br>भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं।<br>*यर्मिया ३१:४, ११ र १६* | **८** 22<br>सेवा संगतिमा आउन छोडेकाहरू, जान मन नलाग्नेहरू सबैलाई सेवा संगतिको इच्छा भएको होस्।<br>*यशैया ५४:७-८* | **१५** 29<br>जस-जसको परिवारहरू अझ पनि विश्वासमा आउन सक्नुभएको छैन, ती परिवारको उद्धारको लागि प्रार्थना गरिदिऔं।<br>*प्रस्थान २०:१-६* | **२२** 5<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजय हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस्।<br>*२ तिमोथी ३:१०-१५* |

प्रकाशक: नेहम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४८२५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np